# मुस्ताङको स्याङ गाउँ बाह्रैमास पाहुनाको पखाईमा

**मुक्तिनाथ समाचारदाता**
*मुक्तिनाथ (मुस्ताङ), चैत २७ गते*


मुस्ताङको घरपभ्कोङ गाउँपालिका अन्तर्गतको स्याङ गाउँकी उमा थकालीलाई घरबास सञ्चालन गरेपछि केहिलेकाँही आउने पाहुनाको खानपानका लागि भ्याइनभ्याई हुने गर्छ। घरमा सधैँ पाहुना आएर व्यस्त हुन सके राम्रो हुने उहाँ बताउनुहुन्छ। यद्दपी उहाँको चाहाना अनुसार यहाँको घरबासमा बाह्रैमास पाहुना भने आउने गरेका छैनन्। बेनी–जोमसोम सडकको मुख्य राजमार्गदेखि करिब डेढ सय मिटरको दुरीमा रहेको स्याङ गाउँबासीले घरबास सञ्चालन गरेपछि सदरमुकाम जोमसोम नजिकै रहेको ग्रामीण बस्तीमा आउने पाहुना लोभिने गरेका छन्।

माटोका छाना भएका परम्परागत शैलीका करिब १५० घरधुरी रहेको गाउँको मुख्य आम्दानीको स्रोत कृषि तथा पशुपालन भएपनि अल्पसंख्यक थकाली समुदायको भाषा, संस्कृति, रहनसहन र जीवनशैली देखाउन यहाँ घरबास सञ्चालन गरिएको स्याङखोला थकाली सामुदायिक घरबासेकी सदस्य उमा थकालीले बताउनुभयो। थकालीले भन्नुभयो, ''सिजनमा मात्रै पर्यटक आउने भएकाले घरबासको क्षमता विस्तार गर्न सकिएको छैन। एकपटक आउने पर्यटक यहाँको सेवा र सत्कारको मोहनीले पटकपटक आउने गरेका छन्।'' घरबासको मापदण्ड अनुसारको सुविधा रहेको र स्थानीय उत्पादन नै सामुदायिक घरबासको पहिचान बनेको थकालीको भनाई छ।

घरबासका लागि प्रत्येक दिन २० जना पाहुना राख्न सक्ने क्षमता छ। स्थानीय असिता थकालीले होटलमा कोठाको अभाव भएपछि मात्रै घरबास खोज्ने पर्यटकका कारण लगानीअनुसारको प्रतिफल पाउन नसकेको बताउनुभयो। उहाँका अनुसार पाहुना आउँदा भ्याइनभ्याई हुन्छ तर बाह्रैमास आउने वातावरण अझै बन्न सकेको छैन। बाह्रैकास पर्यटकको आगमनको सुनिश्चितता भएमा सिंगो गाउँलाई नै घरबासमा रुपान्तरण गर्न सकिने पनि उहाँले बताउनुभयो। प्रकृति र संस्कृतिले सम्पन्न स्याङ गाउँमा रातो र पहेँलो जातको स्याउको प्रतिमा राखिएको छ भने बौद्ध धर्मगुरु रिम्पोचेको सालिक र जङ्गली जनावर नाउरको प्रतिमा रहेको उद्यान बनाइएको छ। गाउँमा ३० घरधुरीले व्यावसायिक पशुपालन गरेकोमा दैनिक बिहान र साँझ गरी ४०० लिटरसम्म दुध बिक्री गरेको छ।

कृषि र पशुपालनलाई समेत अवलोकन गर्न मिल्ने स्याङ गाउँलाई नमुना घरबास बनाउन आवश्यक पहल र पूर्वाधार विस्तारमा समेत सक्रिय रहेको गाउँपालिका अध्यक्ष मोहनसिङ लालचनले बताउनुभयो। अध्यक्ष लालचनले भन्नुभयो, ''मुस्ताङका गाउँहरू घरबासका लागि उपयुक्त छन्। शान्त वातावरणमा रमाउन चाहनेहरूलाई अझै आर्कषित गर्न सकिने सम्भावना छ। यसका लागि हामी सबैले सक्रियतापूर्वक लाग्न जरुरी छ।'' गाउँपालिकाले तालिम, अध्ययन अवलोकन भ्रमण, पर्यटकलाई आर्कषित गर्ने पूर्वाधार विस्तार गरी घरबाससम्म पुग्न विभिन्न योजना बनाएर काम गरिरहेको अध्यक्ष लालचनको भनाइ छ।

स्याङ गाउँमाथिबाट निलगिरि हिमाल, जोमसोम, ठिनी, धुम्बा, मार्फाबजार र स्याउबारी देखिन्छ भने गाउँ आसपासका क्षेत्रमा ध्यान बस्न मिल्ने कोठा भएको प्राचिनकालिन गुफाहरू समेत रहेका छन्।



*तस्बिर : हरिकृष्ण शर्मा*

**घरपभ्कोङ गाउँपालिका अन्तर्गतको घरबास सञ्चालन भएको स्याङ गाउँ ।**

# शिकार खेल्न ढोरपाटनमा शिकारी व्यस्त

**नवराज नेपाली**
*गलकोट, (बागलुङ) २७ चैत*

बागलुङको ढोरपाटन वन्यजन्तु आरक्षमा यस वर्षको दोस्रो सिकार याममा विदेशी सिकारी सिकार खेल्न उच्च पहाडी भेगमा पुगेका छन्।

नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनमा अहिले दोस्रो यामको सिकार खेल्न धमाधम निजी हेलिकप्टरमार्फत सिकारी आइरहेका छन्।

दोस्रो सिकार यामका रुपमा रहेको फागुन–वैशाख याममा सिकार खेल्न केही सिकारी ढोरपाटनमा व्यस्त छन् भने केही विदेशी सिकारी नेपाल आउने तरखरमा रहेको ढोरपाटन सिकार आरक्षका रेन्जर सागर सुवेदीले जानकारी दिनुभयो।

ढोरपाटन सिकार आरक्षमा दोस्रो याममा १४ नाउर, १० भ्भारल र १३ बनेको सिकार अनुमति दिइएको छ। दोस्रो याममा हिमालयन वाइल्डलाइफ आउट फिटरमार्फत डेनिस नागरिकले एक नाउर, एक भ्भारल र एक बदेल सिकार खेल्न फागुने क्षेत्र ब्लकमा अनुमति पाएको छ। त्यसैगरी ओपन नेपाल वाइल्डलाइफ सफारी एण्ड ट्रेक प्रालि मार्फत अमेरिका, बेल्जियम र फ्रान्स नागरिकले सुनदह र सेङ ब्लकमा तीन नाउर, दुई भ्भारल र एक बदेल सिकारको अनुमति पाएको छ।

नेपाल ट्राभल एक्पेडिसन प्रालिमार्फत घुस्तुङ ब्लकमा तीन नाउर, तीन भ्भारल र तीन बदेल सिकार खेल्न रसियन, अफ्रिकन र फ्रान्स नागरिकले सिकार खेल्ने तयारीमा नेपाल आइरहेका छन्। ग्लोबल सफारिज प्रालि मार्फत सुनदह र दोगाडी ब्लकमा अमेरिका, डेनिस नागरिकले चार नाउर, दुई भ्भारल र चार बदेलको सिकार गर्न अनुमति पाएको कुरा आरक्षले जनाएको छ।

त्यसैगरी हिमालयन सफारिज नेपाल प्रालि मार्फत अमेरिकी नागरिकले दुई नाउर, एक भ्भारल र दुई बदेल सिकारको अनुमति पाएकोमा एक नाउर र एक भ्भारलको सिकार भइसकेको छ भने ट्रेक एण्ड देलर्स प्रालि मार्फत स्पेनी नागरिकले एक भ्भारल, एक नाउर र एक बदेलको अनुमति पाएको सुवेदीको भनाई छ।

ढोरपाटन वन्यजन्तु शिकार आरक्षले विभिन्न सिकार ब्लकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको अनुमतिमा सिकार गर्न दिइएकोमा अहिले ग्लोबल सफारी प्रालिमार्फत आएका अमेरिकी नागरिकले एक नाउर र एक भ्भारल सिकार खेलेर फर्किएको र हिमालयन सफारी नेपालमार्फत आएका अमेरिकन र डेनिस नागरिक ढोरपाटनमा सिकारमा व्यस्त रहेको सुवेदीले जानकारी दिनुभयो।

# हत्या अभियोगमा दुई जना पक्राउ

**लेखनाथ समाचारदाता**
*लेखनाथ, चैत २७ गते*

कास्कीको पोखरा महानगरपालिका वडा नम्बर ८ मा बुधबार साँझ विभत्स घटना भयो। शिवालय चोकबाट सभागृह चोकतर्फ जाँदै गर्दा साँझको बेला ४२ वर्षीया सिर्जना पौडेल केसीको टाउकोमा अकस्मात पछाडिबाट खुँडा प्रहार भयो। प्रहरीले उपचारका लागि अस्पताल लगे पनि चिकित्सकले केही समयभित्रै उहाँलाई मृत घोषणा गरे।

पोखराको सेदी बस्ने एकल महिला सिर्जना पोखराको पृथ्वीचोकमा जुत्ता पसल सञ्चालन गर्नुहुन्थ्यो। सिर्जनाका श्रीमान कृष्ण केसीको तीन वर्षअघि नै निधन भइसकेको छ। नौ वर्षअघि कृष्ण र सिर्जनाको बिहे भएको थियो। सिर्जनाको चार वर्षीया एक छोरी छन्। कृष्णका जेठी श्रीमतीतर्फ दुई छोरी र एक छोरा छन्।

श्रीमानको मृत्युपछि जन्मिएको पारिवारिक कलह र अंशमुद्दाको विवादकै कारण सिर्जनाको हत्या भएको प्रहरीले जनाएको छ। सिर्जनाको हत्या आरोपमा प्रहरीले बुधबार २७ वर्षीय शिशिर केसी र कास्कीकै पोखरा–रातोपहिरो बस्ने वर्ष ३२ का कुशल परियारलाई पक्राउ गरी शुक्रबार पत्रकार सम्मेलनमार्फत् सार्वजनिक गरेको छ।

शिशिरलाई रुपन्देहीको बुटवल–२, मनकामना टोलबाट प्रहरीले नियन्त्रणमा लिइएको थियो। पर्वतको कुश्मा नगरपालिका वडा नम्बर ११ घर भई पोखरा–६ बस्ने शिशिरले कुशलका परिवारसँग मिलेर सिर्जनाको हत्या गरेको प्रहरीसँग स्वीकारेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीले जानकारी दिनुभयो। शिशिर नातामा सिर्जनाका भाञ्जा पर्छन्।

# आँखाको मोतीयाबिन्दु

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, चैत २७ गते*

बिरुवा गाउँपालिकाले गरेको आँखा परिक्षणमा ३९ जनामा आँखाको मोतीयाबिन्दु देखिएको छ।

यहाँको वडा नं ३ को कार्यालय खाली, वडा नं ६ को बिरुवा अस्पताल चिन्नेबास र वडा नं ४ को ओरस्टे स्वास्थ्य चौकीमा गरिएको शिविरमा बिरामी ती बिरामी भेटिएको पालिका अध्यक्ष सूर्यबहादुर कुँवरले बताउनुभयो। तीन ठाउँमा तीन दिन चलेको शिविरमा ५११ जनाले आँखाको परीक्षण गरेकोमा ३९ जनामा मोतीयाविन्दु भेटिएको हो।

## भूलसुधार

मिति २०८२।१२।२७ मा गोरखापत्र दैनिकको पृष्ठ १५ मा प्रकाशित Civil Aviation Authority of Nepal, Gautam Buddha International Airport Civil Aviation Office को Notice for Intent to Accept the Bid सूचनामा निम्न बमोजिमको लोगो संलग्न हुनुपर्नेमा भूलवश अन्यथा भएकोले सच्याइएको छ।

## भूलसुधार

मिति २०८२।१२।२७ गते गोरखापत्र दैनिकको पृष्ठ १८ मा प्रकाशित **डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमहीको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी दोस्रो पटक प्रकाशित सूचनामा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने मिति २०८३/०१/०९ गते हुनुपर्नेमा** भूलवश २०८३/०१/१९ गते हुन गएकोले भूलसुधार गरिएको छ।

---

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भकुण्डेबेशी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोसो पटक प्रकाशन मितिः २०८२।१२।२८**

यस नगरपालिकाबाट निम्न योजनाको लागि शिलबन्दी दरभाउपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १६ औँ दिनको १२:०० बजे भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत विवरण सहितको सूचनाको लागि यस कार्यालयको वेबसाइट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ।

**तपसिल**

| ठेक्का नं. | कार्यको विवरण | लागत अनुमान (मु.अ.कर सहित) | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| NMUN/SQ/GOODS/2082/083-02 | Supply and Delivery of Sanitary Pad | NRs. 11,15,965/- | NRs. 30,000/- | NRs. 1000 |
| बैंङ्क खाता नं. | Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch<br>Office Name: Namobuddha Municipality Office<br>Office Code: 801032602 Rajswo Shirshak: 14219<br>Rajaswa (revenue) account no (for bid fee): Ga-1-1-1540100301010002<br>Dharauti Account No. (For Bid Security): Ga-3-1540100303000002 | | | |

---

Karnali Province Government
**Ministry of Water Resources And Energy Development**
**Water Supply, Irrigation And Energy**
**Water Supply, Irrigation & Energy Development Office**
Mugu, Nepal

## Letter of Intent (LOI))

*Date of Publication: 2082/12/28 (11/04/2026)*

As per section 27 (2) of Public Procurement Act, 2063 this is notify to all concerned bidders that, we are going to award following Bids as per IFB No.: 1/WIEDO/MUGU/WORKS/NCB/082/083 published on Saurya Daily dated 2082/11/10 (22th Feb, 2026) to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N. | Contract ID No. | Description of Works | Name and Address of the Successful Bidder | Accepted Bid Amount with VAT (NRs.) |
|---|---|---|---|---|
| 1 | WIEDO/MUGU/WORKS/NCB/01/2082/083 | Dahi Baladi Irrigation Canal Construction Project, Soru Rm-10, Mugu | Kailash Nirman Sewa, Khatyad RM-11, Mugu | 23,02,077.57 |

**Office Chief**

---

राष्ट्रको सञ्चार

**नेपाल दूरसञ्चार कम्पनी लिमिटेड**
**(नेपाल टेलिकम)**
**केन्द्रीय कार्यालय**
**सूचना नं. ३०।०८२–८३**

## कार्यक्षमता मूल्याङ्कन बढुवा सिफारिस

**सूचना प्रकाशित मिति : २०८२।१२।२८**

यस पदपूर्ति समितिको सूचना नं. १९/०८२–८३ अनुसार देहायका विज्ञापन बमोजिमका पदमा कार्यक्षमता मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्न नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ (संशोधन सहित) को विनियम ३५ को उपविनियम (२) बमोजिम आवश्यक सेवा अवधि एवं न्यूनतम शैक्षिक योग्यता हासिल गरेका रीतपूर्वक बढुवा दरखास्त फाराम दर्ता गर्ने सम्भाव्य उम्मेदवारहरूमध्ये सोही विनियमको उपविनियम (१) बमोजिम उच्चतम अङ्क प्राप्त गर्ने देहाय बमोजिमको योग्यता क्रमका उम्मेदवारहरूलाई विनियम ४२ बमोजिम बढुवाका लागि सिफारिस गर्ने पदपूर्ति समितिको निर्णय अनुसार विनियम ४३ को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **विज्ञापन नं. : १९/२०८२–८३ पदः प्राविधिक अधिकृत, तह–७, सेवा/समूहः प्राविधिक/प्राविधिक पद सङ्ख्या : १६**

| यो.क्र.सं. | क.द.नं. | उम्मेदवारको नाम, थर | हालको पद | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | ३८७४ | शंकर दत्त कायस्थ | सहायक प्राविधिक अधिकृत | |
| २ | ४२४७ | अर्जुन कुमार पोखरेल | "" "" | |
| ३ | ४३५९ | गेहेन्द्र राज सुवेदी | "" "" | |
| ४ | ४३२२ | बलराज थापा | "" "" | |
| ५ | ४६२६ | सुरेश लाल कर्ण | "" "" | |
| ६ | ४८६८ | डिल बहादुर बोगटी | "" "" | |
| ७ | ४८८३ | गोविन्द प्रसाद अवस्थी | "" "" | |
| ८ | ४६८७ | गंगाराम बस्याल | "" "" | |
| ९ | ४५९० | पुरन साह कानु | "" "" | |
| १० | ४३५८ | राजेन्द्र प्रसाद जोशी | "" "" | |
| ११ | ३८७९ | सूर्य प्रसाद पाण्डे | "" "" | |
| १२ | ४३०७ | योगेन्द्र प्रसाद विश्वकर्मा | "" "" | |
| १३ | ४५९३ | लाल बहादुर राना | "" "" | |
| १४ | ४६१६ | भरोसी साह | "" "" | |
| १५ | ४६३२ | भिमराज भुसाल | "" "" | |
| १६ | ४३३८ | खेलानन्द चौधरी | "" "" | ९७.७१७ |

**सदस्य सचिव**
**पदपूर्ति समिति**

---

Government of Nepal
**Ministry of Urban Development**
**High Powered Committee for Integrated Development of the Bagmati Civilization**
**Bagmati Improvement Project, Guheshwori, Kathmandu**

## INVITATION FOR BIDS (IFB)

**Date of Publication: 11 April, 2026**
**Last Date of Bid Submission: 12:00 Hours, 11 May, 2026**

High Powered Committee for Integrated Development of the Bagmati Civilization, Guheshwori, Kathmandu invites electronic bids for construction of following works under National Competitive Single Stage Single Envelop Bidding procedures. All other information, mandatory document and bid documents can be downloaded from PPMO'S website: www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit their e-bid with the requested documents within mentioned period.

| Contract Number | Description and location of work | Estimated Amount (with VAT and PS) | Minimum Bid Security Amount | Bid Document Fee | Remarks |
|---|---|---|---|---|---|
| BIP/Works/14/082/83 | Construction of Culvert and Other structure at Chandragiri Municipality 9 and 10, Milantole and Tisandole | NRs. 58,45,796.46 | NRs. 1,50,000.00 | NRs. 3,000 (Non-refundable) | |
| BIP/Works/15/082/83 | Construction and River Training Work along Manohara River at Changunarayan Municipality ward no. 4 | NRs. 53,56,908.28 | NRs. 1,50,000.00 | NRs. 3,000 (Non-refundable | |
| BIP/Works/16/082/83 | Sewerage maintenance and repair work packages as required to convey sewage to the Dhobighat Wastewater Treatment Plant. | NRs. 1,46,17,141.96 | NRs. 3,80,000.00 | NRs. 3,000 (Non-refundable | |

Pre-bid meeting shall be held at HPCIDBC, Guheshwori, Kathmandu, at 13:00 hours 30 April, 2026. **Project Director**
Ph. No.: 01-5712143, E-mail: hpcidbcoffice@gmail.com

---

**राप्ती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालयको**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८२/१२/२८**

यस राप्ती गाउँपालिका कार्यालयमा रित पूर्वक दर्ता हुन आएको तपशिल बमोजिमको बोलपत्र मूल्यांकन समितिको सिफारिश अनुसार सारभूत रुपमा प्रभावग्राही रहेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | विवरण | कामको विवरण | छनौट भएको बोलपत्र दाता | स्वीकृत रकम मु.अ.करसमेत |
|---|---|---|---|---|
| १ | RRM/ NCB/ G/26/ 082/083 | हाम्रो राप्ती स्थानीय पाठ्यपुस्तक छपाईं तथा आपूर्ति | क्वालिटी प्रिन्ट्स प्रा.लि. राप्ती ३ दाङ | १४९२०२९,२९ |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**नेपाल प्रज्ञा–प्रतिष्ठान**
**कमलादी, काठमाडौं, नेपाल**

## बोलपत्र आह्वानको सूचना

*प्रकाशित मिति : २०८२/१२/२८*

यस प्रज्ञा–प्रतिष्ठानको तपसिल बमोजिमको परामर्श कार्य विद्युतिय माध्यमबाट गराउनपर्ने भएकोले इजाजतप्राप्त व्यक्ति/कम्पनीहरुबाट रीतपूर्वक विद्युतिय माध्यमद्वारा बोलपत्र आह्वान गरिएको छ। बोलपत्र सम्बन्धी विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट **www.bolpatra.gov.np/egp** वा यस कार्यालयको वेबसाइट **www.nepalacademy.gov.np** मा हेर्नुहुन समेत सूचित गरिन्छ।

| बोलपत्र नं. | बोलपत्रको नाम | फाराम दस्तुर रु | जमानत रकम रु | जमानत मान्य अवधि | बोलपत्र बुझाउने अन्तिम मिति | बोलपत्र खुल्ने मिति |
|---|---|---|---|---|---|---|
| NCB/NA/GOODS/RE01/2082/83 | Procurement of Supply & Delivery of Papers for Printing Works. | ३,०००।०० | १,२०,०००।०० | ९० दिन | ०८३/०१/२८ मध्याह्न १२:०० बजे | २०८३/०१/२८ अपराह्न ०१ :०० बजे |

---

Government of Nepal
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Irrigation and Water Resources Management Project**
Manthali, Ramechhap

## Notice of Intent to Award the Contract

*(Date of publication: 2082-12-28 (11th April, 2026)*

This is to notify all concerned bidders that, pursuant to **Section 27(2) of the Public Procurement Act 2063**, intends to award the contract detailed below. The subject bid opportunity was published in **Himalaya Times National Daily on BS** 2082-10-22 (5th January, 2026). The bid price submitted by the recommended bidder is as indicated in the table below:

| Contract No | Lowest evaluated Responsive Bidder | Bid Amount (Including VAT and PS) NRs. |
|---|---|---|
| IWRMP-Ramechhap/Ramechhap/NCB/Works-08/082-083 | JAGAT MAIYA-C.P.S.-POWER NEPAL JV, Kamalamai-6, Sindhuli, Phone: 9854047444, Email: **sogateinfo@gmail.com** | 3,52,12,771.96 |

**Project Manager**

---

नेपाल सरकार
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**विशेष भवन निर्माण आयोजना समन्वय कार्यालय**
बबरमहल, काठमाडौँ

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशन मितिः २०८२/१२/२८ (11th April 2026)*

यस आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाण्डौंबाट मिति २०८२/०८/०९ गते हिमालयन टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित भएकोमा सोहि सूचना बमोजिम *E–bidding* मार्फत रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको कबोल अङ्क न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र नं. | कामको विवरण | बोलपत्र दाताको नाम | कबोल रकम रु (भ्याट र पि एस बाहेक) |
|---|---|---|---|
| DUDBC/SBCPCO/WORKS/NCB/01/ 2082/083 | Construction of KOT Ghar for Narsingh Dal Gana, Singhadurbar, Kathmandu | श्री Ganapati - Niroj-Vhakta J/V, Lalitpur | 4,83,65,473.40 |

**आयोजना निर्देशक**